# ९. कर विवरण

## १. कर विवरण भनेको के हो ?

*दर्ता भएका करदाताले आफ्नो कारोवारको खरिद तथा बिक्री सम्बन्धी विवरण आ.रा.का.मा बुझाउन प्रयोग गर्नु पर्ने ऐनको अनुसूची १० को ढाँचाको विवरण ।*

## २. के प्रत्येक महिना विवरण बुझाउनु पर्छ ?

*तपाईंले आफ्नो दर्ता किसिम (अनिवार्य वा स्वैच्छिक) अनुसार मासिक वा चौमासिक रुपमा विवरण बुझाउनु पर्दछ ।*

## ३. विवरण कहिले बुझाउनु पर्दछ ?

*कर अवधि समाप्त भएको २५ दिन भित्र आ.रा.का.मा* र *आ.रा.का. नभएको जिल्लाका करदाताले १५ गते भित्र को.ले.नि.का.मा पेश गर्नु पर्दछ ।*

## ४. क कसले चार चार महिनामा विवरण बुझाउन पाउछ ?

*२० लाख भन्दा कम कारोबार भई स्वैच्छिक दर्ता भएका करदाताहरूले ।*

## ५. स्वेच्छिक दर्ता भएको व्यक्तिले बुझाउने विवरण (चौमासिक) कहिले कहिले बुझाउनु पर्छ ?

- *साउन देखि कार्तिक सम्मको मंसीर २५गते भित्र ।*
- *मंसीर देखि फागुनसम्म को चैत्र २५गते भित्र ।*
- *चैत्र देखि आषाढसम्मको साउन २५गते भित्र।*

## ६. क कसले दुई दुई महिनामा विवरण बुझाउन पाउछ ?

*२० लाख भन्दा बढी १ करोड सम्मको कारोबार गर्नेले ।*

*होटल तथा पर्यटन व्यवसायीले चाहेमा ।*

## ७. द्वैमासिक विवरण बुझाउने सुविधा पाएको व्यक्तिले कर विवरण कहिले बुझाउनु पर्दछ ?

- *साउन - भाद्रको आश्विन २५ गते भित्र ।*
- *आश्विन - कार्तिकको मंसीर २५ गते भित्र ।*
- *मंसीर - पौषको माघ २५ गते भित्र ।*
- *माघ - फाल्गुणको चैत्र २५ गते भित्र ।*
- *चैत्र - वैशाखको जेष्ठ २५ गते भित्र ।*
- *जेष्ठ - आषाढको साउन २५ गते भित्र ।*

## ८. विवरण वुझाउन आ.रा.का.मा आउनु पर्दछ ? कहाँ बुझाउन सकिन्छ ?

*कर विवरण कर अवधि समाप्त भएको २५ दिन भित्र कर अधिकृत समक्ष अर्थात आफु दर्ता भएको आन्तरिक राजस्व कार्यालयमा बुझाउनु पर्दछ । आ.रा.का. नभएको जिल्लाका*

*करदाताले १५ गते भित्र को.ले.नि.का.मा पेश गर्न सक्छन । Internet को माध्यमबाट समेत विवरण बुझाउन सकिन्छ ।*

**९. विद्युतीय माध्यम (Internet) बाट विवरण भर्ने प्रक्रिया के हो ?**

- *www.ird.gov.np मा log on गर्नुहोस।*
- *मेनुमा रहेको E-returns मा click गर्नुहोस।*
- *e-VAT return मा क्लिक गर्नुहोस।*
- *User ID तथा password का आधारमा submission number प्राप्त गरी विवरण भर्नुहोस।*

**१०. विद्युतीय माध्यम (Internet) बाट विवरण बुझाउने (Auto verification) प्रक्रिया के हो ?**

*प्रक्रिया:१ Auto verification का लागि आफु दर्ता भएको आ.रा.का.मा email दर्ता गराउने ।*

*Request key माग गरी Auto verify गर्ने अर्थात विवरण बुझाउने ।*

*प्रक्रिया:२ आफु दर्ता भएको आ.रा.का.बाट प्राप्त User name र password का आधारमा Auto verify गर्ने अर्थात विवरण बुझाउने ।*

*प्रक्रिया:३ Internet बाट विवरण भरी एक प्रति प्रिन्ट निकाली कर अधिकृत समक्ष अर्थात आ.रा.का.मा गई विवरण बुझाउने ।*

**११. विद्युतीय माध्यम (Internet) बाट विवरण बुझाउँदा के प्रत्येक महिना ब्नातय verification का लागि आ.रा.का.मा email दर्ता गराउनुपर्दछ ?**

*आ.रा.का.मा एक पटक email दर्ता गराए पुग्छ,पटक पटक email दर्ता गराउनुपर्दैन, तर Request key भने प्रत्येक पटक माग गर्नु पर्दछ ।*

**१२. विद्युतीय माध्यम (Internet) बाट विवरण बुझाउँदा के प्रत्येक महिना User name र password माँग गर्नुपर्दछ ?**

*पर्दैन । एक पटक लिएको User name र password नै सँधै प्रयोग गर्नुपर्दछ ।*

**१३. विवरणसँगै तिर्नु पर्ने कर पनि बुझाउनु पर्दछ ?**

*पर्दैन । विवरण अघि बुझाइ ऐनले दिएको म्याद भित्र कर बुझाउन मिल्छ ।*

**१४. विवरण बुझाएन भने के हुन्छ ?**

*विवरण अनुसार लाग्ने करको प्रतिदिन ०.०५ प्रतिशत वा रु.१००० (जुन बढी हुन्छ) प्रति कर अवधि जरिवाना लाग्दछ ।*

**१५. विवरण व्यवसायी स्वयंले बुझाउनु पर्छ कि अन्य कोहीले बुझाइ दिए पनि हुन्छ ?**

*सामान्यतया करदाता स्वयंले विवरण बुझाउनु पर्दछ, तर अधिकारप्राप्त प्रतिनिधिले समेत बुझाउन सक्दछ ।*

**१६. विवरण ढिलो बुझाए वापत कति जरिवाना लाग्दछ ?**

*विवरण अनुसार लाग्ने करको प्रतिदिन ०.०५ प्रतिशत वा रु.१००० (जुन बढी हुन्छ) प्रति कर अवधि जरिवाना लाग्दछ ।*

**१७. म एउटा ठेकेदार (निर्माण व्यवसायी) हुँ, मेरो कारोवार सधै हुँदैन, के मैले कारोवार भएको बखत मात्र विवरण बुझाउन मिल्छ ?**

*मिल्दैन । कारोवार भए पनि नभए पनि तपाईंले आफ्नो दर्ता किसिम (अनिवार्य वा स्वैच्छिक) अनुसार विवरण बुझाउनु पर्दछ ।*

**१८. म असार मसान्तको दिन दर्ता भएको हुँ, के मैले असार महिनाको कर विवरण बुझाउनु पर्दछ ?**

*पर्छ ।*

**१९. मेरो विभिन्न स्थानमा शाखाहरू छन्, के मैले प्रत्येक शाखाको छुट्टाछुट्टै विवरण छुट्टाछुट्टै आ.रा.का.मा बुझाउनु पर्दछ ?**

*पर्दैन । प्रत्येक शाखाको विवरण जोडी आफू दर्ता भएको आ.रा.का.मा कर विवरण बुझाउनु पर्दछ ।*

**२०. विवरण बुझाउँदा केही अंक खरिद/विक्री खाता भन्दा फरक पारेर बुझाइएछ, अब मैले के गर्ने ?**

*तत्काल अर्को कर अवधिको विवरणमा समायोजन गर्न सक्नुहुन्छ । साथै तपाईंले आफ्नो व्यहोरा जनाई आ.रा.का.मा सम्पर्क गर्नु भएमा कार्यालयले आंशिक कर परिक्षण गरी परिवर्तनका लागि विभागसँग पत्राचार गर्नेछ ।*

**२१. e- filing गर्दा मेरो वास्तविक कारोवार अंक भन्दा फरक अंक प्रविष्ट भएछ, मैले सो सच्याउन के गर्नु पर्दछ ?**

*तत्काल अर्को कर अवधिको विवरणमा समायोजन गर्न सक्नुहुन्छ । साथै तपाईंले आफ्नो व्यहोरा जनाई आ.रा.का.मा सम्पर्क गर्नु भएमा कार्यालयले आंशिक कर परिक्षण गरी परिवर्तनका लागि विभागसँग पत्राचार गर्नेछ ।*

**२२. मैले दर्ता खारेजीका लागि निवेदन आ.रा.का. मा दर्ता गराइ सकेको छु, तर कार्यालयले दर्ता खारेज भएको जानकारी दिएको छैन, के मैले विवरण बुझाइ रहनु पर्छ ?**

*तपाईंले दर्ता खारेजीको अवस्थामा भर्नुपर्ने कर विवरण (अनुसूची -११) भरी बुझाइ सक्नु भएको छ भने विवरण बुझाइ रहनु पर्दैन ।*

**२३. करदाताको मृत्यु भएमा वा करदाता कानूनी व्यक्ति भई विघटन भएमा सो करदाताको विवरण कसले बुझाउनु पर्दछ ?**

- *कानूनी व्यक्ति खारेज वा विघटन भएमा लिक्विडेटर ।*

- *मृत्यु भएमा हकवाला वा संरक्षक ।*

२४. **कर अधिकृतले कर निर्धारण गरेको सूचना मलाई नबुझाई मेरो व्यावसायिक ठेगानामा हुलाक मार्फत पठाईएको रहेछ,सो मैले ढिलो प्राप्त गरेको कारणले सो आदेशमा उल्लेखित म्यादभित्र जवाफ दिन सकिन र एकतर्फी रुपमा कार्यालयले कर निर्धारण गर्‍यो, यसरी हुलाक मार्फत पठाईएको सूचनाले कानूनी मान्यता पाउँछ ?**

*नियमावलीको नियम ३१ मा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि कर अधिकृतले करदातालाई नियम २९ बमोजिम कर निर्धारण आदेश जारी गर्दा त्यस्तो करदाताको ठेगानामा राखिएको टेलिफ्याक्स, टेलेक्स वा त्यस्तै अन्य विद्युतीय उपकरण मार्फत पठाएमा वा त्यस्तो आदेश निज वा निजको कार्यालयमा बुझाएमा वा निजको ठेगानामा रजिष्टरी गरी हुलाक मार्फत पठाएमा रीतपूर्वक तामेल भएको मानिनेछ भनी उल्लेख भएकोले सो आदेशले कानूनी मान्यता पाउँछ ।*

२५. **म आफ्नो कारोबारको आफू सँग भएको लेखा कार्यालयमा रहेको लेखा सँग भिडान भएको छ, छैन हेर्न चाहन्छु, मैले के गर्नु पर्दछ ?**

*तपाईले कार्यालयमा गई मुलुकी ऐन, कागज जाँच महलको १७ नम्बर बमोजिम निवेदन दिई Audit Trial Report माँग गर्नु भई सो सँग भिडान गर्नुपर्दछ ।*

२६. **के कर अधिकृतले जुनसुकै बखत कर निर्धारण गरी कर दायित्व सिर्जना गर्न सक्दछ ?**

*होइन । देहायका कुनै अवस्थामा कर अधिकृतले कर निर्धारण गर्न सक्नेछ :*

- *म्यादभित्र कर विवरण पेश नगरेमा,*
- *अधुरो वा त्रुटीपूर्ण कर विवरण पेश गरेमा,*
- *झुट्टा कर विवरण पेश गरेमा,*
- *करको रकम कम देखाएको वा ठीक नभएको भन्ने कर अधिकृतलाई विश्वास गर्नु पर्ने कारण भएमा ।*
- *आपूर्ति मूल्यमा न्यून विजकीकरण गरेको भन्ने कर अधिकृतलाई विश्वास गर्नु पर्ने कारण भएमा ।*
- *न्यून विजकीकरण गरी समूह कम्पनीमा आपूर्ति भएमा ।*
- *दर्ता हुनुपर्ने दायित्व भएको व्यक्तिले दर्ता नगरी कारोवार गरेमा,*
- *बिजक जारी नगरी बिक्री गरेमा,*
- *दर्ता नभएको व्यक्तिले कर उठाएमा ।*